विद्यालयको खाजा शुल्क छुट

विद्यालयको शैक्षिक सामग्री शुल्कको अनुदान

अतिरिक्त खर्च आदीको अनुदान

# 2024 को विद्यालय उपस्थिति सहयोग प्रणालीको घोषणा

यो एउटा यस्तो प्रणाली हो जसले फुनाबाशी शहरमा बस्ने र आर्थिक कारणले गर्दा विद्यालयको खर्च तिर्न समस्यामा परेका अभिभावकहरूलाई आर्थिक सहायता प्रदान गर्दछ ।

(ट्यूशन सहायता प्रणालीको लागि प्रत्येक वर्ष आवेदन आवश्यक पर्दछ ।यदि तपाईंले 2024 को लागि आवेदन पेश गरिसक्नुभएको छ भने फेरि आवेदन दिन आवश्यक पर्दैन ।)

**※सामान्यतय तपाइँले आवेदन र पासवुकको कपीले मात्र आवेदन दिन सक्नुहुनेछ ।**
**(विस्तृत जानकारी अर्को पेजमा हेर्नुहोस् ।)**

※ट्यूशन सहायता प्रणाली स्वीकृत भए पनि विद्यालयले संकलन गर्ने शुल्क भने छुट हुने छैन । **भुक्तानी गर्न आवश्यक छ ।**

## ●कागजातहरू पेश गर्ने स्थानः तपाइँ भर्ना भएको विद्यालय

## ●पहिलो आवेदन पेश गर्ने अन्तिम मिति (आवेदन आदी)
## 2024साल 5महिना 8तारिक बुधवार

**※ यदि तपाइँले पहिलो आवेदन गर्ने मिति भन्दा पछि आवेदन गर्नुभयो भने पुरा रकम पाउन सक्नुहुन्न । कृपया सकेसम्म छिटो आवेदन दिनुहोस् ।**

**ट्यूशन सहायता रकमको भुक्तानीको उदाहरण**(निम्न माध्यमिक तह दोस्रो वर्षका विध्यार्थी, अप्रिल देखि अर्ध सुरक्षा प्रमाणिकरणको हकमा)
◇ विध्यालयका शैक्षिक सामग्री लागत 22,730 येन, विद्यालय आवतजावत खर्च 2,270 येन, उपभोग्य वस्तु खर्च 5,910 येन गरेर जम्मा आर्थिक वर्षको रकम 30,910 येन
※माथिको अतिरिक्त विध्यालयको खाजा खर्च मिनाहा गरिनेछ । अतिरिक्त क्रियाकलाप खर्च, विद्यालय भ्रमण खर्च जस्ता वास्तविक खर्चहरू बराबरको अन्य खर्च प्रतिपूर्ति गरिनेछ ।

### ★प्राथमिक विद्यालय कक्षा 1 का विध्यार्थीका अभिभावक★

तपाइँले भर्ना गर्नु अगाडि प्राथमिक विद्यालय प्रवेश शुल्कको लागि आवेदन दिनु भए पनि नभए पनि तपाइँले 2024 सालको विद्यालय सहायता प्रणाली प्राप्त गर्न चाहनुहुन्छ भने आवेदन दिन आवश्यक हुन्छ । (कृपया भुक्तान रकम आदिको लागि पृष्ठ 4 “सहयोगका शीर्षक, वार्षिक रकम” मा चेकजाँच गर्नुहोस् । )



## ■सम्पर्क

・विध्यालय उपस्थिति सहयोग प्रणालीको आवेदन र विवरणहरू
फुनाबाशी सिटी शिक्षा वोर्ड, आर्थिक सहायता कार्यक्रम, शैक्षिक मामिला शाखा फोनः 047−436−2852

・चिकित्सा खर्चको सम्बन्धमा
फुनाबाशी शिक्षा वोर्ड, विध्यालय स्वास्थ्य समूह, स्वास्थ्य तथा शारीरिक शिक्षा शाखा फोनः 047−436−2874

・विध्यालय खाजा खर्चको सम्बन्धमा
फुनाबाशी शिक्षा वोर्ड, विध्यालय खाजा खर्च समूह, स्वास्थ्य तथा शारीरिक शिक्षा शाखा फोनः 047−436−2418

・JSC को पारस्परिक सहायता प्रकोप बीमा योजना बारे सोधपुछ
फुनाबाशी सिटी शिक्षा वोर्ड, स्वास्थ्य तथा शारीरिक शिक्षा महाशाखा, बाल/विध्यार्थी अपराध रोकथाम तथा सुरक्षा उपाय कार्यालय फोनः 047−436−2876

# 1 सहायताका लागि लक्षितहरू

**[संरक्षणको आवश्यक परिवार]**

**① जीवन यापनका लागि सहयोग प्राप्त गर्नेहरू**

**[सहायताका केही अंश आवश्यक पर्नेहरू ]**

**② वाल सहायता भत्ता प्राप्त गर्नेहरू (एकल अभिभावक पारिवारिक भत्ता)**
※यो वाल  भत्ता भन्दा फरक भएकोले उक्त कुरामा ध्यान दिनुहोस् ।

**③ अन्य (माथिको लागू नहुने तर आर्थिक कठीनाइमा परेका) व्यक्ति**
※आर्थिक वर्ष 2023 को आम्दानी (वार्षिक) अनुसार छनौट गरिन्छ । छनौट सम्बन्धि विस्तृत जानकारी तल हेर्नुहोस् ।

[सन्दर्भ]  "③ अन्य व्यक्ति" को रूपमा प्रमाणित हुने आयको अनुमानित रकम  ＜ "आम्दानी" कटौती गर्नु अघिको रकम ＞

| परिवार संख्या | (उदाहरण) परिवारको सदस्य<br>※संगै बस्ने सबै परिवार (स्क्रिनिङ लक्ष्यहरूको लागि तल हेर्नुहोस्) लाई एक परिवारको रूपमा हिसाव गरिनेछ । | प्रमाणीकरणको लागि अनुमानित वार्षिक कुल आय（साधारणतय सबैको हिसाव गरिन्छ ） |
|---|---|---|
| 2जना | आमा (35 वर्ष), बच्चा (8 वर्ष) | 32 लाख 60 हजार येन |
| 3जना | बाबा (36 वर्ष), आमा (34 वर्ष), बच्चा (10 वर्ष) | 40 लाख 50 हजार येन |
| 4जना | बाबा (42 वर्ष), आमा (37 वर्ष), बच्चा (13 वर्ष, 9 वर्ष) | 47 लाख 30 हजार येन |
| 5जना | बाबा (44 वर्ष), आमा (40 वर्ष), बच्चा (13 वर्ष, 10 वर्ष, 5 वर्ष) | 50 लाख 10 हजार येन |
| 6जना | बाबा (45 वर्ष), आमा (39 वर्ष), बच्चा (13 वर्ष, 9 वर्ष), हजुर बुवा 72वर्ष), हजुर आमा (69 वर्ष) | 56 लाख 80 हजार येन |

◇प्रमाणित हुने आयको रकम घरपरिवारको उमेर संरचना आदि अनुसार फरक–फरक हुन्छ।माथिको आय रकम एक अनुमानित रकम हो । अनुमानित भन्दा तल भए पनि प्रमाणित गर्न सम्भव नहुन सक्छ । त्यसो त अनुमानित भन्दा माथि भए पनि प्रमाणित हुन सम्भव रहन्छ । त्यसैले कृपया पहिले आवेदन दिनुहोस् । 。

## ＜"③अन्य व्यक्ति" को लागि स्क्रीनिंगको परिधीमा घरका सदस्यहरूको दायराको सम्बन्धमा＞

◇　सैद्धान्तिक रूपमा, उक्त विद्यार्थीको बुबा, आमा, हजुरबुवा, हजुरआमा र भाइबहिनीहरू सँगै बस्ने परिवारका सदस्यहरूको वार्षिक आम्दानी जाँच गरिनेछ।सैद्धान्तिक रूपमा, उक्त विद्यार्थीको बुबा, आमा, हजुरबुवा, हजुरआमा र भाइबहिनीहरू सँगै बस्ने परिवारका सदस्यहरूको वार्षिक आम्दानी जाँच गरिनेछ।
※1 ※समान उमेरका विध्यार्थीको पार्ट टाइम कामबाट कमाएको आम्दानी समावेश गरिंदैन

◇　एउटै ठेगानामा बसोबास दर्ता भएको व्यक्ति त्यहाँ सँगै नबसेपनि योग्यताको लागि उसको गणना हुनेछ ।

◇　निवासी अभिलेखमा सूचिबद्ध परिवार बेग्लाबेग्लै भएपनि एउटै ठेगाना बस्नेहरू
　　यदि सिटीले वस्तुगत रूपमा बस्ने व्यवस्था अलग (दुई-पारिवारिक बसोबास, इत्यादि) हो भनेर निर्धारण गर्छ भने, कृपया शैक्षिक मामिला विभागलाई सम्पर्क गर्नुहोस् किनभने शहरले परिस्थितिलाई छुट्टै बसोबासको रूपमा मूल्याङ्कन गर्नेछ।
　　※दुई घरपरिवारको प्रयोग भएको सार्वजनिक शुल्कको लागि मिटर रिडिङ स्लीप आवश्यक हुन्छ ।



### ★ घरायसी आर्थिक अवस्थामा अचानक परिवर्तन भएका व्यक्ति ★

यदि तपाईको आम्दानी बिमारीको कारणले गर्दा, बेरोजगारी आदिको कारणले गर्दा उल्लेखनीय रूपमा घटेको छ र तपाई 2023 मा आफ्नो आयको आधारमा नभई 2024 मा आफ्नो आय स्थितिको आधारमा जाँच गर्न चाहनुहुन्छ भने, कृपया शैक्षिक मामिला विभागलाई सम्पर्क गर्नुहोस्। तपाइँको अवस्था सुने पछि, यदि हामीले तपाइँको 2024 मा आय स्थितिमा आधारित परीक्षा उपयुक्त छ भनेर निर्धारण गर्यौं भने, हामी तपाइँको व्यक्तिगत परिस्थिति अनुसार पेश गर्नुपर्ने कागजातहरू (चोट र बिरामी भत्ता भुक्तानी निर्णय, आदि) को बारेमा बताउनेछौं।

## 2 आवश्यक कागजातहरू

■【कृपया सम्पूर्ण आवश्यक कागजातहरू तयार गरी तपाइँको बच्चा पढिरहेको विध्यालयमा पेश गर्नुहोस् ।】

### 【सम्पूर्ण आवेदकका लागि आवश्यक कुराहरू】

**(1) अध्ययन सहयोगको लागि आवेदन फारम (कृपया सन्दर्भको रूपमा उदाहरण प्रयोग गरेर फारम भर्नुहोस्)**



**(2) बैंक पासवुकको फोटोकपी (आवेदकको बैंक खाता)**

※ आवेदन फारमहरू हरेक विध्यालय, शैक्षिक मामिला विभाग र फुनाबाशी स्टेशन जनरलको काउन्टरद्वारा वितरण गरिन्छ । तपाइँले फारम सिटी कार्यालयको वेवसाइटबाट पनि डाउनलोड गर्न सक्नुहुनेछ ।

### 【 योग्य आवेदकको लागि मात्र 】



**(3)को कागजात तलका 1 अथवा 2 सँग मिल्दो व्यक्तिहरूको लागि मात्र आवश्यक※**

※【(3)को कागजात तलका 1 अथवा 2 सँग मिल्दो व्यक्तिहरूको लागि मात्र आवश्यक】

**1जो व्यक्ति 2024 सालको जनवरी 2 तारिक देखि फुनाबाशी सिटीमा सरेर आउनु भएको छ ।**

**2फुनाबाशी सिटीमा निवासी दर्ता नभएका व्यक्तिहरू (जो कामका लागि घरदेखि टाढा भएका)**

नोट: कूल आय, तलब आय, कुल आम्दानी, विभिन्न आय, आश्रितहरूको संख्या, विभिन्न कटौती रकमहरू, आदि समावेश कागजातहरू आवश्यक छन्।

◇2024 साल जनवरी 1 तारिकको मितिमा जुन सिटी तथा वडामा बस्नुहुन्छ त्यहींबाट लिनुहोस् ।

※ सिटी अथवा वडा कार्यालय अनुसार फरक हुनेछ । यद्यपि जुन महिनाको शुरूतिरबाट प्राप्त गर्न सकिने हुनाले सम्बन्धित सिटी अथवा वडा कार्यालयमा सम्पर्क गरी निश्चित गर्नुहोस् । साथै, नगरपालिका अनुसार नाम फरक हुन सक्ने भएकोले कृपया ध्यान दिनुहोस् ।

**●आवेदन पेश गर्नु भएन भने त्यसको कार्यान्वयन नहुने हुँदा कृपया तोकिएको समयभित्र नै आवेदन पेश गर्नुहोस् ।**

### महत्वपूर्ण अनिवार्य चेकजाँच गर्नुहोस् ।

परीक्षण 2024 सालको कर प्रमाणपत्र (2023 को सालको आम्दानी) मा आधारित हुनेछ । तपाईंको परिवारमा व्यक्तिगत आम्दानीको स्वघोषणा नगरेको व्यक्ति भएमा (परीक्षणको लागि लक्षित) परीक्षण हुनेछैन ।थप रूपमा, यदि तपाइँको कुनै आम्दानी छैन भने (आश्रितहरू बाहेक), तपाइँले आम्दानी नभएको घोषणा गर्नुपर्छ, । आम्दानी नभएको घोषणा गर्ने प्रकृया पनि गर्नु भएको छैन भने कृपया सिटी कार्यालयको दोस्रो तल्लामा रहेको नगरपालिका कर महाशाखामा गएर सम्पर्क गर्नुहोस् । (कुनै कम्पनीमा काम गर्ने व्यक्तिको लागि साधारणतय कम्पनी मार्फत घोषणा गरिने हुनाले सिद्धान्तत व्यक्तिले घोषणा गर्न आवश्यक छैन । ◇ कर घोषणा सम्बन्धमा सोधपुछ सिटी कर महाशाखा 047-436-2214

## 3 आवेदन पेश गर्ने अन्तिम मिति र स्थान ※ हरेक वर्ष आवेदन दिन आवश्यक हुन्छ ।



**●आवेदन पेश गर्ने स्थान (पढिरहेको विध्यालय)**

**●पहिलो आवेदन दिने अन्तिम मितिः २०२४साल ५महिना ८तारिक बुधवार**

**●योग्य व्यक्तिहरूका लागि मात्र आवेदन फारम (३) आवेदन पेश गर्ने अन्तिम मितिः २०२४साल ६महिना २०तारिक बिहीवार※**

※आवेदन फारम (३) : जसले 2024 को कर प्रमाणपत्र पेश गर्न आवश्यक हुन्छ । उहाँहरूले शुरूमा आवेदन दिने मिति मे महिनाको 8 तारिक (बुधबार) सम्म आवेदन पेश गरी जुन महिनाको 20 तारिक (विहीवार) सम्म 2024 को कर प्रमाणपत्र पढिरहेको विध्यालयमा पेश गर्नुहोस् ।

◇ सैद्धान्तिक रूपमा यो कार्यक्रमको लागि अन्तिम म्यादमा आवेदन दिएका र छनौटमा स्वीकृत भएकाहरू अप्रिलदेखि योग्य हुनेछन्।(मे महिनापछि सरेर आएका व्यक्तिहरू समावेश हुँदैनन् । )

◇ पहिलो आवेदन दिने अन्तिम मितिमा आवेदन गर्नेहरूलाई जुलाई महिनाको शुरूमा स्क्रिनिङको नतिजा बारे सूचित गरिन्छ ।

◇ आर्थिक वर्षको कुनै पनि समयमा आवेदन दिन सकिन्छ । (आवेदनको अन्तिम मिति उक्त आर्थिक वर्षको फेब्रुअरी 28 तारिक हो) यद्यपि, कृपया ध्यान दिनुहोस् कि यदि तपाईंले पेश गर्ने अन्तिम म्याद पछि आवेदन दिनुभयो र स्वीकृत भएमा, आवेदन मिति (तपाईंले भर्ना भएको विद्यालयमा पेश गर्ने मिति) सम्बन्धित महिनाबाट आवेदन दिइनेछ।

# 4 यस कार्यक्रमले वहन गरेको खर्च र वार्षिक रकम (पहिलो आवेदन दिने मितिसम्म आवेदन दिएको खण्डमा)

ट्यूशन सहायता शुल्क तिर्दा, विद्यालयले तपाईंलाई भुक्तानी मिति, भुक्तानी वस्तुहरू, रकम, आदि उल्लेख गर्दै भुक्तानी सूचना प्रदान गर्नेछ।(खर्च शीर्षक र भुक्तान गरिने अनुदान रकम तपाईंको बच्चाको कक्षा (तह) र तपाईंको परिवारको आर्थिक अवस्थाको आधारमा भिन्न हुन्छ।) कृपया ध्यान दिनुहोस् कि तपाईलाई विद्यालयको वास्तविक खर्च (Gakko Choshu-kin) तिर्नबाट छुट दिइने छैन।

| वस्तुहरू | योग्य | | लक्षित | अनुमानित भुक्तानीको अवधि | भुक्तानी रकम (यूनिटः येन) | |
|---|---|---|---|---|---|---|
| | आर्थिक सहायता आवश्यक परिवार | आंशिक सहायता आवश्यक परिवार | | | प्राथमिक विध्यालय | निम्न माध्यमिक विध्यालय |
| नयाँ भर्ना हुने समयको विद्यालय आपूर्ति शुल्क | – | ○ | अप्रिलमा निश्चित भएका पहिलो वर्षका विध्यार्थी | जुलाई ※1 | 57,060 | 63,000 |
| विध्यालयको शैक्षिक खर्च | – | ○ | सबै तह अथवा कक्षा (मासिक भुक्तानी) | जुलाई, डिसेम्बर, मार्च ※2 (वार्षिक भत्ता तीन किस्तामा भाग लगाई भुक्तानी गरिन्छ) | 11,630(वार्षिक) | 22,730(वार्षिक) |
| विध्यालयको आवतजावत खर्च | – | ○ | दोस्रो वर्षका विध्यार्थीभन्दा माथि (मासिक भुक्तानी उपलब्ध) | | 2,270(वार्षिक) | 2,270(वार्षिक) |
| आपूर्ति खर्च | ○ | ○ | शैक्षिक सामग्री आदि (मासिक भुक्तानी उपलब्ध) | | 3,650(वार्षिक) | 5,910(वार्षिक) |
| शैक्षिक भ्रमण | ○ | ○ | अभिभावकले समान रूपमा वहन गर्ने खर्च | कार्यक्रमपछि ※3 | वार्षिक खर्च | |
| बास बस्ने गरी शैक्षिक भ्रमण | ○ | ○ | अभिभावकले समान रूपमा वहन गर्ने खर्च (वर्षमा एक पटक) | कार्यक्रमपछि ※3 | वार्षिक खर्च | |
| शैक्षिक भ्रमण खर्च | ○ | ○ | अभिभावकले समान रूपमा वहन गर्ने खर्च (प्राथमिक र निम्न माध्यमिक विध्यालयमा प्रत्येक एक पटक) | कार्यक्रमपछि ※3 | वार्षिक खर्च | |
| विध्यालय जाने खर्च | – | ○ | प्राथमिक विध्यालय → एकतर्फीः 4 किलोमिटर अथवा सो भन्दा बढी निम्न माध्यमिक विध्यालय → एकतर्फीः 6 किलोमिटर अथवा सो भन्दा बढी | मार्च | वार्षिक खर्च (सबैभन्दा सस्तो भाडा लाग्ने तरिका) | |
| निम्न माध्यमिक विध्यालय प्रवेश तयारी खर्च | – | ○ | प्राथमिक विध्यालय ६ कक्षाको विध्यार्थी | मार्च | 63,000 | |
| क्लव गतिविधीका लागि खर्च | – | ○ | अभिभावकले समान रूपमा वहन गर्ने खर्चहरू (प्राथमिक र निम्न माध्यमिक विध्यालयमा प्रत्येक एक पटक) | डिसेम्बर, मार्च |  | वार्षिक खर्च (अधिक भुक्तानीको तह: 30,150) |
| दीक्षान्त समारोहको एल्वम शुल्क | – | ○ | तक एल्बम शुल्क | फेब्रुवरी, मार्च | वार्षिक खर्च(अधिक भुक्तानीको तह: 11,000) | वार्षिक खर्च(अधिक भुक्तानीको तह: 8,800) |
| विध्यालयको खाजा खर्च | – | ○ | स्वीकृति भएको मितिदेखि छुट शुरू हुन्छ | | तल विध्यालय खाजा खर्च छुटको बारेमा हेर्नुहोस् । | |
| उपचार खर्च ※4 | ○ | ○ | ■यस कार्यक्रममा समेटिएका रोगहरू ट्रकोमा/कन्जन्क्टिभाइटिस/दाद/खुजली/इम्पेटिगो/ओटाइटिस मिडिया/क्रोनिक साइनसाइटिस (साइनस समस्या)/एडेनोइड्स/गुहा/परजीवी रोग | | स्वास्थ्य बीमाद्वारा समेटिने चिकत्सा खर्च | |

[महत्त्वपूर्ण] कृपया अप्रिल 2024 पछि खरिद गरिएका क्लब गतिविधि उपकरण इत्यादिका लागि सबै रसिदहरू राख्नुहोस्, किनकि तपाईंलाई भुक्तानीको समयमा आवश्यक पर्नेछ। विवरणहरू प्रमाणिकरण भएपछि छुट्टै घोषणा गरिनेछ ।

※1 यदि तपाईंले प्राथमिक विद्यालय भर्ना गर्नु अघि प्राथमिक विद्यालय प्रवेश तयारी खर्च र प्राथमिक विद्यालयको ६ कक्षामा निम्न माध्यमिक हाई स्कूलको प्रवेश तयारी खर्च प्राप्त गर्नुभयो भने, प्रथम वर्षको विद्यार्थीको लागि विद्यालय आपूर्तिको खर्चहरू उपलब्ध गराइने छैन।त्यसो त यदि प्रवेश तयारी शुल्कको लागि प्राप्त रकम नयाँ भर्ना विद्यालय आपूर्ति शुल्क भन्दा कम छ भने बाँकी रकम भुक्तानी गरिनेछ।भुक्तानी फरक भएकाहरूलाई लिखित रूपमा सूचित गरिनेछ ।

※2 वार्षिक भत्ता तीन किस्तामा भाग लगाई भुक्तानी गरिन्छ । अप्रिलदेखि जुलाईसम्मको भुक्तानी जुलाईमा, अगस्टदेखि नोभेम्बरसम्मको भुक्तानी डिसेम्बरमा र डिसेम्बरदेखि मार्चसम्मको भुक्तानी मार्चमा भुक्तानी गरिनेछ।(वार्षिक भुक्तानी रकमलाई 12 महिनाले भाग गरी आएको रकम मासिक भुक्तानीको रकम हो ।)

※3 अतिरिक्त क्रियाकलाप खर्च र विद्यालय आवात जावत खर्च विद्यालयमा भएको वास्तविक खर्च निर्धारण गरिसकेपछि भुक्तानी गरिनेछ । त्यसैले खर्च भुक्तानीको लागि लगभग ६ महिना लाग्न सक्छ।

※4 कृपया अगाडि नै विद्यालयमा "फुनाबाशी शिक्षा बोर्डद्वारा जारी गरिएको मेडिकल कुपन" प्राप्त गर्नुहोस् र तपाईंको बच्चाले यस कार्यक्रममा समेटिएको चिकित्सा उपचारहरू प्राप्त गर्न चाहेको बेला अस्पताल/क्लिनिकमा ल्याउनुहोस्। (तपाईंले भुक्तानी गर्न पर्दैन यद्यपि स्वास्थ्य चेकजाँचको नतिजा माथि सूचिबद्ध रोगभन्दा फरक भएमा यो कुपन प्रयोग गर्न सकिँदैन । त्यसैगरी "एकल-अभिभावक चिकित्सा खर्च सहायता प्रमाणपत्र" र "दैनिक जीवन समर्थन खण्डद्वारा जारी गरिएको मेडिकल कुपन" प्रयोग गर्न सकिँदैन।)

# विध्यालयको खाजा शुल्कबाट छुट दिने सम्बन्धमा (स्वास्थ्य तथा शारीरिक शिक्षा महाशाखा)

फुनाबाशी सिटीमा स्कूल हाजिरी समर्थन प्रणालीको लागि आवेदन दिएका र अर्ध-सुरक्षितको रूपमा प्रमाणित भएका परिवारहरूलाई स्कूलको खाजा शुल्क तिर्नबाट छुट दिइन्छ।※यदि तपाईं सार्वजनिक सहायता प्राप्त गर्दै हुनुहुन्छ भने, तपाईंको विद्यालयको खाजा खर्च तपाईंको सार्वजनिक सहायता भत्ता द्वारा कभर गरिनेछ।

## 1. छुटको लागि योग्यता र शुरू मिति





◇"②बाल पालन भत्ता ("Jido Fuyo Teate", एकल-अभिभावक परिवारको लागि भत्ता)" वा "③परिवारहरूलाई केही हदसम्म आर्थिक सहायता चाहिन्छ" भनेर मानिने घरपरिवारहरू प्राप्त गरिरहेका व्यक्तिहरू पृष्ठ 2 मा हेर्नुहोस् । ※विद्यालय खाजा शुल्क छुट कार्यक्रमको लागि आवेदन दिने मितिलाई विद्यालय खर्च अनुदान प्रणालीको आवेदन दायर गरेको मितिलाई मानिनेछ।

◇विद्यालयको खाजा शुल्क छुट कार्यक्रम विद्यालय खर्च अनुदान प्रणालीको लागि योग्यता पुष्टि भएको मितिदेखि सुरु हुनेछ।

## 2. छुटको लागि सूचना

◇विद्यालय खर्च अनुदान प्रणालीको सूचनाको अतिरिक्त, "स्कूल खाजा शुल्क निर्धारणको सूचना" तपाईंलाई मेल गरिनेछ। ※यदि तपाईंले विद्यालयको खाजा खर्च अगाडि नै भुक्तानी गरिसक्नु भयो र अगाडिकै समयदेखि विद्यालय खर्च अनुदानको लागि योग्य हुनुभयो भने विद्यालय खाजा शुल्क छुटको सूचना प्राप्त गर्नुभएको अर्को महिनाको अन्त्यतिर अगाडि भुक्तानी गर्नु भएको उक्त रकम फिर्ता गरिनेछ ।

※विध्यालयको खाजा खर्च सम्बन्धी सूचना शिक्षा वोर्डको स्वास्थ्य तथा शारीरिक शिक्षा महाशाखाद्वारा पठाइनेछ ।

# JSC को पारस्परिक सहायता प्रकोप बीमा भुक्तानी छुट सम्बन्धमा

फुनाबाशी सिटीमा विध्यालय सहायता प्रणालीको लागि आवेदन दिएका र स्वीकृति भएका परिवारका अभिभावकहरूको लागत छुट गरिएको छ ।

※विध्यालय सहायता प्रणालीमा योग्य भएर सहयोग लिइराख्नु भएकाहरूले आवेदन दिन पर्दैन ।

※मे महिनाको 1 तारिकदेखि छुटको लागि योग्यहरूको लागि यो नियम लागू हुनेछ ।